CRO Regd. No.: 119118/070/071 PAN: 601799215

# नाडेप लघुवित्त वित्तीय संस्था लि.
# NADEP Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त राष्ट्रियस्तरको संस्था)

चलानी नं.१४१५ ।२०७७।०७८

मिति : २०७८।०१।३१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

बिषय : वार्षिक साधारण सभा सम्बन्धमा ।

महोदय,

यस नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष कारणवस रद्द भएको छैटौं वार्षिक साधारण सभा २०७८ साल जेठ २३ गते, आइतवार रानीबन पार्टी प्यालेस एण्ड रेष्टुरेण्ट नागार्जुन-१, काठमाडौंमा सञ्चालन गर्ने निर्णय भएको हुदाँ जानकारीको लागि अनुरोध छ ।

भवदीय,

बाबुराम सुबेदी
कम्पनी सचिव

बोधार्थ :
श्री नेपाल राष्ट्र बैंक बैंक तथा वित्तीय संस्था नियमन विभाग बालुवाटार काठमाण्डौ ।
श्री नेपाल धितोपत्र बोर्ड जावलाखेल, ललितपुर ।
श्री कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर, काठमाडौं ।
श्री नबिल ईन्भेष्टमेन्ट बैकिङ्ग लि.नक्साल, काठमाडौं ।

# नाडेप लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, गजुरी-१, धादिङ
फोन नं. ०१०-४०२१११, ४०२१२४ फ्याक्स: ०१०-४०२१११

**छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**शेयरधनी महानुभावहरू,**

यस वित्तीय संस्था लिमिटेडको मिति २०७८ बैशाख १३ गते सोमवार बसेको सञ्चालक समितिको १३५ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्था लिमिटेडको छैटौं वार्षिक साधारण सभा मिति २०७८ जेठ ७ गते गर्ने गरी सूचना प्रकाशन भएकोमा विशेष कारणवस सो सूचना रद्द भएकोले छैटौं वार्षिक साधारण सभा निम्न बिषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकाले शेयरधनी महानुभावहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

**मितिः** २०७८ साल जेठ २३ गते, आइतवार

**स्थानः** रानीबन पार्टी प्यालस एण्ड रेष्टुरण्ट नागार्जुन-१, काठमाडौं ।

भर्चुअल माध्यम ZOOM APP मार्फत एक साथ सभा सञ्चालन हुनेछ ।

**समयः** विहान ११.०० बजे देखि ।

साधारण सभामा भिडियो कन्फ्रेन्स (Zoom Meeting) मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई (Zoom ID passcode) उपलब्ध गराईने छ ।

**छलफलका बिषयहरू :**

क) **साधारण प्रस्तावहरू :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०७६।७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने,

२) लेखापरीक्षकको वार्षिक प्रतिवेदन सहितको आ.व २०७६।७७ सम्मको वासलात तथा नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको बार्षिक वित्तीय प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

३) वित्तीय संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व २०७७।७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने. (वर्तमान लेखापरीक्षक श्री बि.आर.एस. न्यौपाने एण्ड कम्पनी योग्य हुनुहुन्छ ) ।

ख) **बिशेष प्रस्तावहरू :**

१) डिप्रोक्स लघुवित्त बित्तीय संस्था लिमिटेडले नाडेप लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (*Acquisition*) गर्ने सम्बन्धमा समझदारी पत्र (*MOU*) भई सकेकोले, भए गरेका सम्पुर्ण कार्यहरूको अनुमोदन गर्ने । साथै नियमनकारी निकायहरूको निर्देशन बमोजिम प्राप्ति ( *Acquisition*) सम्बन्धी कार्यको लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गनुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) **विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी जानकारी :**

१) यस वित्तीय संस्थाको मर्जर/प्राप्ति प्रक्रियाको लागि मिति २०७७।०९।१६ गते देखि शेयर कारोबार रोक्का रहेकोले छैटौं वार्षिक साधारण सभामा शेयर दाखिला खारेज बन्द यथावत रहनेछ ।

२) संस्थाको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूको लागि संस्थाको वेव साईट www.nadeplaghubitta.com मा राखिएको छ सोबाट विस्तृत विवरणहरू हेर्न सकिनेछ ।

३) नाबालक तथा अशक्त शेयरधनी महानुभावहरूको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले मात्रै भाग लिन वा प्रतिनिधि तोक्न पाउने छ ।

४) हाल देशमा फैलिएको कोरोना भाईरस (Covid-19) का कारण प्रतिकुल अवस्थाले शेयरधनी महानुभावहरूको स्वास्थ्य तथा सुविधालाई ध्यानमा राखी भिडियो कन्फरेन्स् माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाईनेछ । भिडियो कन्फरेन्स् मार्फत भाग लिन र आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरूले *subedibaburam38@gmail* मा इमेल गरी वा फोन नं ०१०-४०२१११, ४०२१२४ मा सम्पर्क गरी आफ्नो नाम, ठेगना र DEMAT Number सहित साधारण सभा हुनुभन्दा २४ घन्टा अगाडि टिपाउनु पर्नेछ । प्राप्त सूचनाको आधारमा शेयरधनी महानुभावलाई ZOOM meeting ID passcode उपलब्ध गराई सहभागी हुने व्यवस्था मिलाईनेछ । सभा हुनुभन्दा ३० मिनेट अगाडिबाट भर्चुअल माध्यमबाट उपस्थिती हुने व्यवस्था गराईने छ ।

५) अन्य जानकारीको लागि यस संस्थाको केन्द्रीय कार्यालय गजुरी, धादिङ्गको फोन न. ०१०-४०२१११, ४०२१२४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।